# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२ ) काठमाडौं, फागुन २२ गते २०५९ साल ( अतिरिक्ताङ्क ८२ (क)

## भाग ३

### निर्वाचन आयोगको

### सूचना १

निर्वाचन आयोगले प्रथम चरणसम्ममा मतदाता परिचयपत्र लागू भएका काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं. १,२,३,४,५,६ र ७, ललितपुर जिल्ला निर्वाचन क्षेत्र नं. २ र ३, भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं. १ र २, सुनसरी जिल्ला निर्वाचन क्षेत्र नं. ५ तथा बैतडी जिल्ला निर्वाचन क्षेत्र नं. १ समेत पाँच जिल्लाका १३ निर्वाचन क्षेत्रहरूमा गतवर्ष अद्यावधिक गरिएको मतदाता नामावली बमोजिम तयार भएका मतदाता परिचयपत्र वितरण गर्ने कार्य २०५९ साल चैत्र मसान्तभित्र सम्पन्न गर्न गृह मन्त्रालयका सचिव एवं केन्द्रीय परिचयपत्र व्यवस्थापन अधिकारीलाई तोकेको हुँदा यो सूचना प्रकाशन गरिएको छ।

### सूचना २

मतदाता नामावली सम्बन्धी नियमावली, २०५२ को नियम २० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले २०५९ साल चैत्र मसान्तसम्म १८ वर्ष उमेर पूरा भई कानूनबमोजिम मतदाता हुन योग्य नेपाली नागरिकहरूको मौजूदा मतदाता नामावली अद्यावधिक गर्न एवं मोरङ्ग, मकवानपुर, कास्की, बाँके र कैलाली जिल्लामा संकलित पारिवारिक लगत विवरणसमेत अद्यावधिक गर्न यो आदेश जारी गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

मतदाता नामावलीसम्बन्धी, नियमावली २०५२ को नियम ३ को उपनियम (४) को प्रयोजनको लागि निर्वाचन आयोगले २०५९ साल चैत्र मसान्तसम्ममा १८ वर्ष उमेर पूरा भई कानूनबमोजिम मतदाता हुन योग्य नेपाली नागरिक स्वयं वा निजका परिवारका सदस्यले नियमानुसार मतदाताको नाम र अन्य विवरण संकलन गराउन वा अद्यावधिक गराउनु पर्ने गरी तोकेको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

मतदाता नामावलीसम्बन्धी ऐन, २०५२ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले मतदाता नामावलीसम्बन्धी नियमावली, २०५२ को नियम ३ को उपनियम (१) को प्रयोजनको लागि २०५९ साल चैत्र मसान्तसम्ममा १८ वर्ष उमेर पूरा भई कानूनबमोजिम मतदाता हुन योग्य नेपाली नागरिकहरूको नाम तथा अन्य विवरण समावेश गरी मतदाता नामावली तयार गर्न वा मौजुदा मतदाता नामावली अद्यावधिक गर्नको लागि नेपाल अधिराज्यका सबै जिल्लामा तत्-तत् जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई प्रमुख नाम दर्ता अधिकारी तोकेको छ ।

## सूचना ५

मतदाता नामावलीसम्बन्धी ऐन, २०५२ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले मतदाता नामावलीसम्बन्धी नियमावली, २०५२ को नियम ३ को उपनियम (१) को प्रयोजनको लागि २०५९ साल चैत्र मसान्तसम्ममा १८ वर्ष उमेर पूरा भई कानूनबमोजिम मतदाता हुन योग्य नेपाली नागरिकहरूको नाम तथा अन्य विवरण समावेश गरी मतदाता नामावली तयार गर्न वा मौजुदा मतदाता नामावली अद्यावधिक गर्न नेपाल अधिराज्यका इलाम, झापा, धनकुटा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, पाल्पा, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, सुर्खेत, बाँके, बर्दिया, डोटी, कैलाली र कञ्चनपुर जिल्लाहरूमा जिल्ला निर्वाचन कार्यालयका जिल्ला



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्वाचन अधिकारीलाई र बाँकी प्रत्येक जिल्लामा जिल्ला प्रशासन कार्यालयमा कार्यरत निर्वाचन शाखाका नायव सुब्बालाई तत्-तत् जिल्लाका लागि नामदर्ता अधिकारी तोकेको छ ।

## सूचना ६

मतदाता नामावलीसम्बन्धी ऐन, २०५२ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले मतदाता नामावलीसम्बन्धी नियमावली, २०५२ को नियम ३ को उपनियम (२) को प्रयोजनको लागि २०५६ साल चैत्र मसान्तसम्ममा १८ वर्ष उमेर पूरा भई कानूनबमोजिम मतदाता हुन योग्य नेपाली नागरिकहरूको नाम सङ्कलन गर्ने वा मौजूदा मतदाता नामावली अद्यावधिक गर्ने र मतदाता नामावली प्रकाशन गर्ने तथा तत्सम्बन्धी अन्य काम गर्ने प्रयोजनको लागि प्रत्येक गाउँ विकास समितिका लागि सोही गाउँ विकास समितिको सचिव-लाई र प्रत्येक महानगरपालिका, उपमहानगरपालिका वा नगरपालिकाको वडाका लागि सोही वडा कार्यालयको सचिबलाई सहायक नाम दर्ता अधिकारी तोकेको छ ।

आज्ञाले,
देवराज रेग्मी
निर्वाचन आयोगको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।